**नेपाल सरकार**

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

**आ.व. २०७६/७७ मा यस केन्द्र मार्फत् कार्यान्वयन हुने जैविक ऊर्जा प्रणालीहरु (सुधारिएको चुलो, ग्यासिफायर, घरेलु वायोग्यास,फोहोर बाट ऊर्जा, पाइपलाइन तथा बोटलिङ आदि) सम्बन्धि विभिन्न कार्यक्रमहरुको लागि माग संकलन सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०७६/०४/३१)*
*निवेदन बुझाउने अन्तिम मिति : २०७६/०५/२९*

यस केन्द्रले आ.व. २०७६/७७ मा जैविक ऊर्जामा आधारित तपसिलमा उल्लेखित विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। सो को लागि इच्छुक स्थानीय तह, संघ संस्था,उपभोक्ता समिति,व्यक्ति, व्यवसायीहरु बाट उल्लेखित कागजातहरु सहित निवेदन आह्वान गरिन्छ।

| क्र. सं. | कार्यक्रमको विवरण | निवेदनका लागि योग्य संस्थाहरु | भौतिक लक्ष्य (संख्या) | आवश्यक कागजातहरु |
|---|---|---|---|---|
| १ | कृषिमा आधारित डेरी र लोक्ता प्रोसेसिङका लागि लागत साझेदारीमा संस्थागत ग्यासिफायर जडान | स्थानीय तह,सहकारी, व्यवसायी | ३० | १. सम्बन्धित निकायको निवेदन। <br> २. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु। <br> ३. सम्बन्धित स्थानीय तहको सिफारिस। <br> ४. प्रणाली जडानको लागि लाग्ने खर्चको विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति अनुसारको लागत साझेदारी सुनिश्चितता आवेदक स्वयं वा सम्बन्धित स्थानीय तहले व्यहोर्ने प्रतिवद्धता पत्र। |
| २ | जैविक ऊर्जा मार्फत ग्यासिफायर तापिय प्रणाली जडानका लागि विस्तृत सम्भाव्यता अध्ययन | स्थानीय तह,सहकारी, व्यवसायी | १५ | १. सम्बन्धित निकायको निवेदन। <br> २. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु <br> ३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ३ | १५०० मिटर भन्दा माथि उचाईका दलित, जनजाति, पिछडिएका तथा विपन्न घरपरिवारलाइ धुवाँमुक्त घर कार्यक्रम अन्तर्गत दुई र तीन मुखे सुधारिएको चुलो जडान | स्थानीय तह | ४,००० | १. सम्बन्धित स्थानीय तहको निवेदन र सिफारिस। <br> २. विस्तृत माग फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु |
| ४ | दलित,जनजाति,लगायतका पिछडिएका घर परिवारलाई धुवाँमुक्त घर कार्यक्रम अन्तर्गत portable metallic चुलो वितरण | स्थानीय तह | १०,००० | १. सम्बन्धित स्थानीय तहको निवेदन र सिफारिस। <br> २. विस्तृत माग फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु |
| ५ | ठूला बायोग्यास परियोजनाको | स्थानीय तह,सहकारी, | ५० | १. सम्बन्धित निकायको निवेदन। <br> २. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न |

| | | | | |
|---|---|---|---|---|
| | सम्भाव्यता अध्ययन | कृषि फर्म, व्यवसायी | | सकिने) मा उल्लेख गरिएका कागजातहरु<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस । |
| ६ | फोहरवाट वायोग्यास तथा प्राङगारिक मल उत्पादन गर्ने (वायोग्यास बोटलिङ्ग तथा पाइप लाइन विस्तार समेत ) | स्थानीय तह,सहकारी, कृषि फर्म, व्यवसायी | १० | १. सम्बन्धित निकायको निवेदन ।<br>२.पूर्व सभ्याव्यता अध्ययन फाराम (वेवसाइटबाट प्राप्तगर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु ।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस । |
| ७ | संस्थागत तथा सामुदायिक बायोग्यास प्लाण्ट जडान | स्थानीय तह,सहकारी, कृषि फर्म, व्यवसायी | १२० | १. सम्बन्धित निकायको निवेदन ।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु ।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस ।<br>४. प्रणाली जडानको लागि लाग्ने खर्चको विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति अनुसारको लागत साझेदारी सुनिश्चितता आवेदक स्वयं वा सम्बन्धित स्थानीय तहले व्यहोर्ने प्रतिवद्धता पत्र । |
| ८ | शहरी तथा व्यवसायिक बायोग्यास प्लाण्ट जडान | स्थानीय तह,सहकारी, कृषि फर्म, व्यवसायी | १०० | १. सम्बन्धित निकायको निवेदन ।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु ।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस ।<br>४. प्रणाली जडानको लागि लाग्ने खर्चको विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति अनुसारको लागत साझेदारी सुनिश्चितता आवेदक स्वयं वा सम्बन्धित स्थानीय तहले व्यहोर्ने प्रतिवद्धता पत्र । |

पूर्व सभ्याव्यता अध्ययन फारामको ढाँचा एवं यस कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी यस केन्द्रको वेवसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ । उल्लेखित कार्यक्रमहरु नवीकरणीय ऊर्जा अनुदान नीति २०७३, तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३ (यस केन्द्रको वेवसाइटमा समेत उपलब्ध रहेको ) बमोजिम कार्यान्वयन गरिने व्यहोरा जानकारी गराईन्छ ।

**थप जानकारीको लागि**
**सम्पर्क ठेगाना**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
जैविक ऊर्जा शाखा
खुमलटार हाइट, ललितपुर, पो.ब.नं. १४३६४
फोन नं. ९७७-१५५३९३९०/१५५३९३९१
इमेल: info@aepc.gov.np